## हेरचाह तथा सहायता क्षेत्रमा काम गर्दा

हेरचाह तथा सहायता क्षेत्र अष्ट्रेलियाको श्रम बजारमा सबै भन्दा बढि रोजगारी वृद्धि भईरहेको क्षेत्र मध्ये एक हो। अब वृद्ध हेरचाह, अशक्त (अपांगता) सहायता तथा पूर्व फौजी (भेटरान) को हेरचाह गर्ने कामहरू उपलब्ध छन्।

## हेरचाह तथा सहायता सेवामा काम गर्न किन रोज्ने?

हेरचाह तथा सहायता सेवा क्षेत्रमा काम गर्नु महत्वपूर्ण हुन्छ किनकि यसले तपाईंले हेरचाह गर्ने मानिसको जीवनमा सुधार ल्याउँछ। यसले तपाईंलाई व्यक्तिगत तथा व्यावसायिक दुवै रूपमा थुप्रै लाभ पनि प्रदान गर्न सक्छ।

यो थुप्रै अवसरहरू उपलब्ध वृद्धिरत क्षेत्र हो। यसले काम गर्ने समय तथा कामको बन्दोबस्तमा लचकता प्रदान गर्छ र तपाईंलाई काम तथा घरायसी जीवन वा काम तथा अध्ययनमा सन्तुलन कायम राख्ने मौका दिन्छ।

यो काममा विविधता हुन्छ र थुप्रै भूमिका तथा पेशा (करियर) पथ उपलब्ध हुन्छ। ती भूमिकाहरूमा रहँदा हरेक दिन फरक हुन्छ, सँधै एकै नाशको हुँदैन।

हेरचाह तथा सहायता सेवा कामदारहरुले उनीहरूले सहायता गर्ने मानिसहरसँग प्रायः सन्तोषप्रद सम्बन्धहरू विकसित गर्छन्।

तपाईंले हेरचाह गर्ने मानिसहरूलाई उनीहरूले लक्ष्य हासिल गर्नमा र उनीहरूको सीप, स्वावलम्बन, खुशी तथा क्षमतालाई कायम गर्नमा तपाईंले मद्दत गर्नुहुनेछ। तपाईंले गर्ने सो कामले सकारात्मक परिवर्तन ल्याउनेछ।

## मैले कसलाई हेरचाह तथा सहायता सेवा दिने हो?

हेरचाह तथा सहायता क्षेत्रमा तपाईंले वृद्ध उमेरका मानिसहरूलाई उनीहरूको घरमा वा बस्ने आवासीय वृद्धा हेरचाह गृहमा उनीहरूलाई स्वावलम्बी रहन वा आरामदायी रहन मद्दत गरेर उनीहरूको सेवा गर्न सक्नुहुन्छ।

तपाईंले अशक्तता वा अपांगता भएका मानिसहरूसँग पनि काम गर्न सक्नुहुन्छ र उनीहरूलाई लक्ष्य प्राप्तिमा, उनीहरूको क्षमता विकास र स्वावलम्बन निर्माणमा मद्दत गर्न सक्नुहुन्छ।

तपाईंले पूर्व फौजी अर्थात् भेटरानहरूलाई हेरचाह तथा सहायता उपलब्ध गराउन सक्नुहुन्छ। ती त्यस्ता मानिसहरू हुन् जसले अष्ट्रेलियाको रक्षा बलमा सेवा गरेका हुन्छन्। उनीहरू कुनै पनि उमेर वा लिङ्गको हुन सक्छन् र कुनै अशक्तता वा अपांगता भएका हुन सक्छन्।

तपाईंले विविध पृष्ठभूमि, संस्कृति तथा जीवन अनुभव भएका मानिसहरूसँग काम गर्नुपर्ने हुन सक्छ।

## यो काम कस्तो खालको हुन्छ?

हेरचाह तथा सहायता क्षेत्रमा थुप्रै प्रकारका कामहरू उपलब्ध छन्।

## व्यक्तिगत हेरचाह तथा सहायता परिचारिका

सहायता परिचारिकाले मानिसहरूलाई दैनिक कृयाकलापमा मद्दत गर्दछन् जसले उनीहरूलाई धेरै मात्रामा पूर्ण तथा स्वावलम्बी रूपमा जिउन सहयोग गर्दछ।

विभिन्न मानिसका लागि फरक फरक कारण सहायताको आवश्यकता पर्दछ। कसैलाई नुहाउन, सरसफाइ, खाना खान तथा कपडा फेर्नेजस्ता व्यक्तिगत कामका लागि सहायताको जरूरत पर्दछ। कसैलाई समुदाय तथा समाजमा घुलमिल हुन वा काममा जानका लागि मद्दतको आवश्यकता हुन सक्छ। तपाईंले व्यक्तिलाई उनीहरूको लागि बजार जाने, खाना तयार गर्ने, सरसफाइ वा बागबानी गर्ने, आफ्नो घरमा रहन तथा मर्मत संभार गर्नमा मद्दत गर्नुपर्ने हुन सक्छ।

तपाईंले दिएको सहायता, व्यक्तिको स्वास्थ्य, उनीहरूको लक्ष्य हासिलमा भएको प्रगति वा समस्या बारे तपाईंले नियमित रूपमा रिपोर्ट गर्नुपर्ने हुन सक्छ।

## घरेलु सहायता

वृद्ध उमेरका अष्ट्रेलियाबासीहरू, अशक्तता वा अपांगता भएका मानिस र पूर्व फौजीहरूलाई उनीहरूको घर चलाउन आवश्यक गर्ने घरायसी कामकाजमा सहायता गर्ने भूमिकाहरू हुन्छन्। यसमा सरसफाइ, खाना पकाउने, घरको मर्मतसम्भार तथा बगैंचाको कामहरू लगायतका हुन सक्छन्।

## सम्बद्ध (अलाइड) स्वास्थ्य वा अन्य विशेष पेशाकर्मीहरू

अलाइड अर्थात् सम्बद्ध स्वास्थ्य वा अन्य योग्य पेशाकर्मीहरूले प्रायः कुनै विशेष प्रकारको सहायतामा विशेषज्ञता हासिल गर्दछन् र सामान्यतया विश्वविद्यालयको डिग्रीजस्ता अतिरिक्त शैक्षिक योग्यताहरू उनीहरूले हासिल गरेका हुन्छन्।

ती भूमिकाहरूमा धेरैजसो देहायका सम्बद्ध स्वास्थ्य पेशाहरू हुन्छन् जस्तैः स्पीच प्याथोलोजिस्ट, अकुपेसनल थेरापिस्ट, मनोविज्ञहरू, सामाजिक परिचारिकाहरू, फिजियोथेरापिस्ट, व्यवहार सहायता विशेषज्ञ, आहारविज्ञ तथा परामर्शदाताहरू।

## पंजिकृत वा इनरोल्ड नर्सहरू

पंजिकृत (दर्तावाल) वा इनरोल्ड नर्सहरूले मानिसहरूलाई नर्सिङ् हेरचाह प्रदान गर्दछन्, जस्तै उपचार वा औषधि दिने, मेडिकल उपकरण सञ्चालन गर्ने, शरीरको अत्यावश्यक प्रणालीको अनुगमन गर्ने र प्राथमिक उपचार गर्ने।

नर्सहरूसँग तृतीयक तहको शैक्षिक योग्यता हुन्छ (इनरोल्ड नर्सहरूका लागि नर्सिङमा डिप्लोमा वा एड्भान्स्ड डिप्लोमा, र दर्तावाल नर्सहरूका लागि नर्सिङमा स्नातक)। दर्तावाल नर्सहरू नर्सिङ् तथा मिडवाइफरी बोर्ड अफ अष्ट्रेलिया (Nursing and Midwifery Board of Australia) मा औपचारिकरूपमा दर्ता हुनुपर्छ।

### अन्य भूमिकाहरू

सहायता परिचारिका सँगसँगै काम गर्ने थुप्रै किसिमका भूमिकाहरू छन् जस्तैः सहायता संयोजक तथा वकालत कामदारहरु ।

यस क्षेत्रमा व्यवस्थापक, टोली प्रमुख तथा सुपरीवेक्षकरहरूका लागि पनि रोजगारी उपलब्ध छन् र साथै सेवा प्रदायकहरूको लेखा, मानव संसाधन, रेसेप्सन, डाटा इन्ट्री तथा अन्य व्यावसायिक क्षेत्रका काम गर्ने प्रशासकीय कामहरू पनि उपलब्ध छन् ।

## हेरचाह तथा सहायता सेवा क्षेत्रमा म कसरी प्रवेश गर्न सक्छु?

हेरचाह तथा सहायता क्षेत्रमा काम गर्न शुरू गर्नका लागि थुप्रै मार्गहरू छन् । नर्सिङ् तथा सम्बद्ध स्वास्थ्यजस्ता केही भूमिकाहरूको लागि औपचारिक योग्यताको आवश्यकता पर्दछ भने सहायता परिचारिकाजस्ता थुप्रै भूमिकाहरूमा त्यो पर्दैन ।

रोजगारदाताहरूका लागि प्रायः सही व्यक्ति पाउनु भनेको सही योग्यतासहितको मान्छे फेला पार्नु जत्तिकै महत्वपूर्ण हुन्छ । रोजगारदाताहरूले तपाईंमा सहानुभूति, लचकता तथा मैत्रिक सहजता जस्ता व्यक्तिगत गुणहरू खोजिरहेका हुन्छन् र यसले सो कामका लागि तपाईंलाई उपयुक्त ठहर्याउँछ ।

यदि तपाईं फरक पृष्ठभूमिको हो भने तपाईंले उही वा उस्तै पृष्ठभूमिका मानिसहरूलाई हेरचाह तथा सहायता प्रदान गर्दा आफ्नो भाषा सीप तथा सांस्कृतिक ज्ञानको प्रयोग गर्न सक्नुहुन्छ ।

केही भूमिकाहरूका लागि तपाईंको कर्मचारी मूल्यांकन (स्क्रिनिङ्) परीक्षण गर्नुपर्ने आवश्यकता हुन सक्छ जसमा प्रहरीको पृष्ठभूमि जाँचको जरूरत हुन्छ । तपाईंको रोजगारदाताले तपाईंले काम शुरू गर्नु पूर्व यसको बन्दोबस्त गर्न सक्छन् । तपाईंलाई प्राथमिक उपचार प्रमाणपत्र तथा सवारीचालक अनुमतिपत्रको पनि आवश्यकता पर्न सक्छ ।

थुप्रै रोजगारदाताले अनुभवविहीन मानिसहरूका लागि 'अन-द-जब' तालिम अर्थात् कार्यप्रशिक्षण उपलब्ध गराउँछन्। काममा फर्किरहेका मानिसहरूका लागि वा पेशा परिवर्तन गर्न चाहनेहरूका लागि तपाईंसँग प्रायः मान्यताप्राप्त पूर्व सिकाइ तथा अनुभव हुन सक्छ। आवश्यक भए आफ्नो सीपवृद्धि गर्ने, वा तपाईंलाई रोजगारीको लागि तयार गर्ने तथा आफ्नो सांख्यिक र साक्षरता सीपहरूको विकास गर्ने थुप्रै विकल्पहरू उपलब्ध छन्।

थप जानकारी पाउनका लागि यहाँ जानुहोस्: https://www.careandsupportjobs.gov.au/skills-and-training

## हेरचाह तथा सहायता सेवा क्षेत्रले विविधता स्वागत गर्दछ

हेरचाह तथा सहायता क्षेत्र विभिन्न स्थिति र विभिन्न पृष्ठभूमिका थुप्रै मानिसहरूका लागि सही हुन सक्छ।

तपाईंको विद्यालयमा पढाई सकिन लागेको हुन सक्छ, कार्यबलमा फर्कने सोच्दै गरेको हुन सक्नुसक्छ, पेशा परिवर्तन गर्न खोज्दै हुनुहुन्छ वा तपाईं आफ्नो मानमर्यादा सँग मिल्ने र तपाईंलाई व्यक्तिगत सन्तुष्टि प्रदान गर्ने कामको खोजीमा रहेको हुन सक्नुहुन्छ।

तपाईंको सीप तथा अनुभवको प्रायः औपचारिकरूपमा पहिचान गर्न सकिन्छ। र तपाईंको व्यक्तिगत अनुभव तथा पृष्ठभूमिले तपाईंले सहायता गर्ने मानिसहरूलाई धेरै अर्थपूर्ण सम्बन्धहरू दिलाउन सक्छ।

THE CARE AND SUPPORT SECTOR

A LIFE CHANGING LIFE

careandsupportjobs.gov.au

## काम खोज्नुहोस्

हेरचाह तथा सहायता सेवा क्षेत्रबारेमा थप जानकारी पाउनका लागि र अहिले तत्काल उपलब्ध कामहरू खोज्न, www.careandsupportjobs.gov.au हेर्नुहोस् ।